## कमलामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
## वागमती प्रदेश, नेपाल

# नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/२२)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा निर्धारित मापदण्ड बमोजिम नदींजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८२/४/१४ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी https://www.bolpatra.gov.np/egp/ मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरु तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय )PPMO (को वेवसाईट https://www.bolpatra.gov.np/egp/ बाट Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ ।

तपसिल

| क्र. सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउने परिमाण (घन मि.) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ विड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन र समय | बोलपत्र दर्ता गर्ने अन्तिम दिन र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | KMU/SIN/RBM/01/IR/082/083 | कमलाखोला ककरे - सिस्नेरी खण्ड (IEE ले तोकेको क्षेत्र) | १६८६० | ४१,६३,७४५।६० | ३०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| २ | KMU/SIN/RBM/IR/02/082/083 | कमला- भिमान खोला दोभान खण्ड ( IEE ले तोकेको क्षेत्र) | २५३० | ६,२४,८०८।८० | १०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ३ | KMU/SIN/RBM/IR/03/082/083 | कमलाखोला चन्दनपुर क खिरखिरे कमला दोभान माथिल्लो खण्ड (IEE ले तोकेको क्षेत्र) | २२३०० | ५५,०७,२०८।०० | ३०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ४ | KMU/SIN/RBM/IR/04/082/083 | कमलाखोला चन्दनपुर ख खिरखिरे कमला दोभान तल्लो खण्ड ( IEE ले तोकेको क्षेत्र) | ३६४५० | ९०,०१,६९२।- | ३०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ५ | KMU/SIN/RBM/IR/05/082/083 | बुका खोला र गडौली खोला खण्ड (IEE ले तोकेको क्षेत्र) | १९०५ | ४,७०,४५८।८० | १०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ६ | KMU/SIN/RBM/IR/06/082/083 | ग्वाँङ्ग खोला फाल्चुरी कारागार खण्ड (IEE ले तोकेको क्षेत्र) | ४४१० | १०,८९,०९३।६० | १०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ७ | KMU/SIN/RBM/IR/07/082/083 | मरिण खोला ढंगेडाँडा (खारखोला) खण्ड खण्ड (IEE ले तोकेको क्षेत्र) | १२९५० | ३१,९८,१३२।०० | ३०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ८ | KMU/SIN/RBM/IR/08/082/083 | धमिले खोला सहरे तथा जिर्घा खोला खण्ड (IEE ले तोकेको क्षेत्र) | ५२३५ | १२,९२,८३५।६० | १०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |
| ९ | KMU/SIN/RBM/IR/09/082/083 | मरिण खोला- धनमाना मरिण दोभान हात्तिगौडा | ११२१२ | २७,६८,९१५।५२ | ३०००।- | कवोल अंकको ५% | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) | मिति २०८२ भाद्र २२ गते १२:०० बजे (egp System अनुसार) |

## ठेक्का सम्बन्धी शर्तहरु :

(१) बोलपत्र फारमका साथ माथि तोकेको दस्तुर तिरेको नगदी रसिद, निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाणपत्र, नियमानुसार कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://bolpatra.gov.np/egp/ बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ । माथि तोकिए बमोजिम बोलपत्र दस्तुर राजस्व संकेत नं १४२४९ अन्य दस्तुर शीर्षकमा कमलामाई

विनोद भट्टराई

नगरपालिकाको आन्तरिक राजस्व खाता नं. १०६०१००३०१०१०००३ मा जम्मा गरी सोको भौचर बोलपत्र फारमको साथ संलग्न राख्नुपर्नेछ ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १०६०१००३०३००००००३ मा जम्मा गरी सोको भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको विडबण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको १:०० बजे कमलामाई नगरपालिकाको खरिद इकाई, राजस्व शाखाका प्रतिनिधि एवं ठेकेदारहरुको रोहवरमा कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिनेछ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

(४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

(५) म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(६) बोलपत्र स्वीकृत भएमा सम्झौताका लागि सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ (पच्चीस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । बाँकी ७५ (पचहत्तर) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट २०८३ साल श्रावण मसान्त सम्मको म्याद सहित जारी गरिएको शर्त रहित कार्य सम्पादन जमानत पत्र (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै, बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सोमा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर थप १३ (तेह्र) प्रति शत रकम समेत व्यवसायीले बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

(७) बोलपत्रदाताले दोश्रो किस्ता फाल्गुन मसान्त सम्ममा ४० (चालिस) प्रतिशत र बाँकी ३५ (पैतीस प्रतिशत ) जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।

(८) उल्लेखित अनुसार ठेक्का स्वीकृत रकम एक मुष्ठ बुझाएमा कबोल अंकको ५ प्रतिशत रकम छुट दिइनेछ ।

(९) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम वा विड बण्ड जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बामोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(१०) यस ठेक्काको अवधि २०८३ जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

**(नोट: विस्तृत जानकारीका लागि यस कार्यालयको Website www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ ।)**

.....................................

प्रमुख प्रशासकीय अधिकृत

**विनोद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**